**CHECK AGAINST DELIVERY**

राष्ट्रिय दलित आयोग र दलित गैसस महासंघद्वारा आयोजित
अन्तर्राष्ट्रिय जातिय तथा रंगभेद उन्मूलन दिवसका अवसरमा मानवअधिकार
उच्चायुक्तका नेपाल प्रतिनिधि श्री इयन मार्टिनको संवोधन भाषण

२१ मार्च २००६

आजको यस सभामा प्रमुख अतिथिका रुपमा निम्तो दिनुभई केही विचार व्यक्त गर्न दिनुभएकोमा आयोजकलाई म धन्यवाद दिन चाहन्छु ।

मानवअधिकारका निम्ति नेपाल र विश्वभर आज एक महत्वपूर्ण तिथि हो । मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रका प्रस्तावनाका प्रारम्भिक शब्दहरू म यहाँ उधृत गर्दछु 'मानव परिवारका सबै सदस्यहरूको अन्तर्निहित प्रतिष्ठा, समान र अविच्छिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार हो ।'

चाहे जात, जाति, लिंग, धर्म, आस्था होस् वा अन्य रंगलगायतका आधारमा गरिएका विभेद कहिल्यै पनि मानव जातिका मानवअधिकारका **हकमा यस्ता आधार स्वीकार्य** हुने छैनन् । जातिय विभेद एक खतरानाक रोग हो । तर, विडम्वना यसले विश्वका मुलुकहरूका समुदायहरूमा प्रतिकुल प्रभाव पारिरहेको छ । किनकि जातिय विभेदले करोडौं मानिसका मानवअधिकारको हनन गरिरहेको छ ।

यस वर्षको अन्तर्राष्ट्रिय जातीय तथा रंगभेद उन्मूलन दिवसको मूल नारा 'जातीय विभेदविरुद्ध प्रत्येक दिन लड्नु' रहेको छ । तर, दुःखको कुरा, नेपालमा दैनिक जीवन भनेको लामो समयदेखि विद्यमान सशस्त्र द्वन्द्व र हिंसाको सन्दर्भमा र धेरै प्रजातान्त्रिक अधिकारहरू खतरामा परेको अवस्थामा जिउनु हो । यसले नेपालमा सबैका मानवअधिकारलाई प्रभाव पारेको छ । तर, स्पष्टतः यसअघि नै जोखिमपूर्ण अवस्थामा रहेका नेपालीहरूले आफूलाई अझ बढी जोखिमपूर्ण अवस्थामा पाएका छन् । शताब्दीयौं पुरानो जाति प्रथाअन्तर्गत मौलिक अधिकारहरूबाट वञ्चित गरिएका नेपालभरका दलित समुदायका सदस्यहरू र आदिवासी जनजातिका सदस्यहरू सशस्त्र द्वन्द्वको सन्दर्भमा अधिकार उपभोगको सवालमा थप पीडित बन्न पुगेका छन् ।

गत वर्षका मई महिनामा उच्चायुक्त र नेपाल सरकारवीच सम्पन्न सम्झौताप्रदत्त कार्यादेशका आधारमा नेपालस्थित मानवअधिकार उच्च आयुक्तको कार्यालय स्थापना भएको हो । हाम्रो कार्यका आधारमा संयुक्त राष्ट्रसंघीय महासभा र अहिले मानवअधिकार आयोगमा उच्चायुक्तले मानवअधिकार उल्लंघनलाई तीन वर्गमा प्रस्तुत गर्नुभएको छ ।

- सशस्त्र द्वन्द्वका सन्दर्भमा युद्धका कानून अर्थात् 'ल अफ वार' का नामबाट समेत चिनिने अन्तर्राष्ट्रिय मानवीय कानून र मानवअधिकारको उल्लंघन ।
- प्रजातान्त्रिक अधिकारको हनन, जस्तै, अभिव्यक्ति स्वतन्त्रता, संगठन गर्न पाउने र शान्तिपूर्णरुपमा भेला हुन पाउने अधिकार र,
- लामो समयसम्म थाती रहेका यससम्बन्धी सरोकारहरू, जस्तै जाति र जातमा आधारित विभेद तथा लैङ्गिक आधारमा गरिने भेदभाव ।

दलित र आदिवासी जनजाति समुदायका सदस्यहरूका मानवअधिकार संरक्षण र प्रवर्द्धन वर्गीकृत यी प्रत्येक श्रेणीमा पर्दछ ।

सशस्त्र द्वन्द्वसँग गाँसिएका मानवअधिकार उल्लंघनले मूलतः हाम्रो कार्यालय स्थापनामा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । अतः आजका मेरा भनाइहरू, आदिवासी जनजाति र दलित समुदायका सदस्यहरूमा द्वन्द्वका कारण भएका पीडादायी परिणामप्रति केन्द्रीत गर्न चाहन्छु ।

मेरो आफ्नै बुझाइमा २००५ अगष्त महिनामा न्यूयोर्क विश्वविद्यालय 'स्कूल अफ ल' अन्तर्गत 'सेन्टर फर ह्युमेन राइट्स एन्ड ग्लोबल जस्टिस' द्वारा प्रकाशित 'दि मिसिङ पिस अफ् दि पज्जलः कास्ट डिस्क्रिमिनेसन एन्ड दि कन्फिल्क्ट इन् नेपाल' शीर्षकमा प्रकाशित पुस्तक निकै उपयोगी पाएँ । अध्ययनले भनेको छ कि- 'राज्य र माओवादी विद्रोहीद्वारा दलितप्रति गरिने पीडा, द्वन्द्वको निरन्तरतासँग गहिरो सम्बन्ध छ । किनकि 'यी दुवै नेपालमा द्वन्द्वको मूल कारण र खतराजनक परिणाम हुन् ।' नेपालका आदिवासी जनजातिका सदस्यहरू यस्तै पीडाबाट पीडित रहेको भन्न सकिन्छ ।

अध्ययनले दलित समुदायप्रति राज्यबल र माओवादीद्वारा गरिएको योजनावद्ध उल्लंघनलाई प्रकाशमा ल्याएको छ । एकातिर माओवादीहरूले दलितका निम्ति राजनीतिक सशक्तीकरणलाई केन्द्रीय एजेन्डाका रुपमा रहेको दावी गर्दछन् भने अर्कोतर्फ 'दलित सर्वसाधारणले माओवादीकै हातबाट विभेद र अधिकार हननको सामना गरिरहनुपरेको' कुरा अध्ययनमा उल्लेख छ ।

माओवादीद्वारा गरिएका अधिकार उल्लंघनमा हत्या, फरक मत राख्ने व्यक्तिहरूलाई यातना, यौन दुर्व्यवहार र नीजि घरमा उनीहरूको जबरजस्त बसाइ पर्दछन् । अध्ययनले राज्यका सुरक्षाबलले दलित समुदायलाई कसरी लक्षित गरेको छ भन्ने विवरण दिएको छ । यसले नोट गर्दछ, ‘यद्यपि दलित पुरुष र महिलाहरूले सक्रियरुपले व्यक्तिगतरुपमा माओवादी कित्तामा भर्ती भएका छन् । तर, उनीहरूको विद्रोहमा संलग्नताको कुनै प्रमाणविना समग्र दलित समुदायलाई राज्य निकायद्वारा सजाय दिइएको छ ।’ यसले, गाउँघरमा सोधखोज गर्दा र चेकपोस्टहरूमा राज्यका सुरक्षाबलले जातिमा आधारित विभेदलाई एक साझा अभ्यासका रुपमा रिपोर्ट गरेको छ ।

संक्षेपमा, नेपालमा द्वन्द्वले दलित समुदायमा सदा त्रास र आर्थिक अधोगतिको अवस्थालाई अरु बढावा दिएको भनी अध्ययन प्रतिवेदनको बीट मारिएको छ ।

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनअन्तर्गत जातीय विभेद उन्मूलनलाई सुनिश्चित गराउन नेपालका धेरै कानूनी दायित्वहरू छन् । नेपाल अधिराज्यको संविधान-२०४७ ले सबै नागरिकलाई समानताको ग्यारेन्टी गरेको छ । नेपालद्वारा अनुमोदित

अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूसँग राष्ट्रिय कानूनहरू अनुकुल नभएको अवस्थामा उक्त सन्धिहरू नै मान्य हुने कुरा नेपाल सन्धि ऐन १९९० मा व्यवस्था गरिएको छ । जसमा  जाति र रंगभेद उन्मूलनसम्बन्धी अभिसन्धि समावेश रहेको छ_। सन २००२ मा, जाति तथा रंगभेद उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसंघीय समितिले प्रस्ताव-२९ पारित गऱ्यो, जसले दलित र तल्लो जातका समुदायप्रति हुने गरेका विशिष्ट विभेदका स्वरुपको अर्थमा जाति तथा रंगभेद उन्मूलनसम्बन्धी महासन्धिलाई व्याख्या गरेको छ । यसले सरकारले गर्नुपर्ने भनी ४८ वटा विभिन्न

उपायहरूको सूची तयार गरेको छ । राष्ट्रसंघीय मानवअधिकार प्रणालीले आदिवासी जनजाति अधिकारप्रति उत्तिकै सरोकार राखेको छ ।

वास्तवमा नेपाल सरकार आफैले दसौ योजनाको मानवअधिकार कार्ययोजना र अन्यत्र पनि जातिय विभेदका समस्या संवोधन गर्न प्रतिवद्धता व्यक्त गरेको छ । यद्यपि सरकारी २००४ को १५ र १६औं प्रतिवेदनप्रति जातीय विभेदसम्बन्धी राष्ट्रसंघीय समितिले आफ्ना निष्कर्शसहित आवश्यक कदम चाल्न सरकारसमक्ष आह्वान गरेको छ । यसमा सरकारले गर्नुपर्ने अनुगमनका लागि १३ निश्चित क्षेत्रहरू समावेश गरिएको थियो । समितिले सशस्त्र द्वन्द्वले, जोखिममा परेका समूहमा पारेको प्रभावको लेखाजोखा गर्नुका साथै यी समूहका सदस्यहरूका सम्बन्धमा, मानवअधिकार दायित्व र सुरक्षा सरोकारलाई सन्तुलनमा राख्नुपर्ने शिफारिस सरकारसमक्ष गरेको थियो । सरकारी कार्यान्वयनलाई सुनिश्चित गर्न मुख्य भूमिका निर्वाह गर्न सक्ने गैरसरकारी र नागरिक समाजसम्वद्ध संगठनहरूले यी सरोकारका १३ मध्ये प्रत्येक क्षेत्रको गहन विश्लेषण गर्नुपर्ने हुन्छ ।

कुनै पनि रुपमा पृथक गराउने, विभेदपूर्ण निजी वा सार्वजानिक अभ्यासलाई रोकथाम गर्न, प्रतिवन्ध र उन्मूलन गर्न सरकारले प्राथमिकताका साथ आवश्यक उपाय अपनाउनुपर्ने, विपन्न समूहका सदस्यहरूलाई निर्वाचनमा भाग लिन पाउने अधिकार, मतदान गर्न पाउने अधिकार, सरकार, न्यायिक र विद्यायिकामा उचित प्रतिनिधित्वको प्रत्याभूति गराउन विशेष उपाय लिनुपर्ने र दलितसमेत यस समूहका सदस्यहरूको आमसंचारमा उचित प्रतिनिधित्वको सुनिश्चित गराउन विशेष उपाय लागु गर्नेबारे सोच्नुपर्ने कुराहरू पर्दछन् ।

नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयको सीमित स्रोतसाधानमा हाम्रो कार्यालयले दलित, आदिवासी जनजाति र अन्य अल्पसंख्यक समुदायका सदस्यहरूविरुद्ध भएका मानवअधिकार उल्लंघन समस्या संवोधन गर्नेछ । विशेषतः द्वन्द्वका क्रममा सिर्जित उल्लंघनलाई हामी प्रकाशमा ल्याउने प्रयास गर्नेछौं । नेपालका आदिवासी जनजाति, अल्पसंख्यक र दलितलाई समग्रमा सघाउन राष्ट्रसंघीय मानवअधिकार प्रणलीभित्र पनि विशेष ध्यान केन्द्रीत गर्नेछौं । जातिभेदसम्बन्धी राष्ट्रसंघीय विशेष समाधीक्षक एक यस्तो संयन्त्र हुनुहुन्छ जसले एक वर्षभन्दा अघि नेपाल भ्रमणका लागि औपचारिक अनुरोध गर्नुभएको थियो । यो भ्रमण छिट्टै हुने सम्भावनाको मैले आशा गरेको छु ।

अन्त्यमा, नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, दलित र जनजाति समुदाय, नागरिक समाज, नेपाल आदिवासी जनजाति महासंघ, सरकारी निकायहरू जस्तै राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र राष्ट्रिय मानवअधिकार आयोगहरूसँग काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछु, जसले आदिवासी जनजाति र दलित सदस्यहरूका मानवअधिकार संरक्षण र प्रवर्द्धन कार्यलाई अघि बढाउनेछ ।